## जिल्ला विकास समितिको कार्यालय, कालिकोट

१२३. **रकम ट्रान्सफर** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२२(५) अनुसार विषयगत कार्यक्रमको लागि निकासा भएको रकम अन्य कार्यक्रम र शीर्षकमा खर्च गर्न नहुनेमा जिल्ला विकास समिति पूँजीगत अनुदान रकममध्ये रु.५ लाख ८५ हजार कन्टिन्जेन्सी खातामा र रु.१५ लाख ६७ हजार जिल्ला विकास समिति कोषमा ट्रान्सफर गरेको छ ।

१२४. **एकै लेखापरीक्षक नियुक्ति** – लेखापरीक्षकको उपलब्धता र समान अवसरलाई ध्यान नदिई ३० गाउं विकास समितिमा एउटै लेखापरीक्षक नियुक्त गरी पारिश्रमिकमा रु.८८ हजार, भैपरीमा रु.४५ हजार र दैनिक तथा भ्रमण भत्तामा रु.१० हजार खर्च लेखेको छ ।

१२५. **दोहोरो पारिश्रमिक** – जिल्ला विकास समितिका ७ पदाधिकारीलाई २०६२।१२।६ मा २०६२ चैत्र महिनाको पारिश्रमिक खर्च लेखिसकेकोमा २०६२।१२।७ मा पुन: रु.१४ हजार खर्च लेखेको छ । उक्त रकम असुल हुनुपर्दछ ।